# संवत् २०७९ साल माघ २३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | पेट्रोलियम अन्वेषणका लागि दैलेख जिल्लाको भैरबी गाउँपालिका वडा नं. १, जलजलेमा रहेको ४५ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिने। |
| २. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | नागमती बाँध आयोजनाको कार्यान्वयन अघि बढाउन काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं.१ मा रहेको करिब १४ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने । |
| ३. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देललाई दक्षिण अफ्रिकामा हुने IWMI छलफलमा भाग लिन स्वीकृति दिने। |
| ४. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | २०७९ साल फागुण ५ र ६ गते भारतमा आयोजना हुने नेपाल—भारत विद्युत व्यापार सम्झौता अन्तर्गतको संयुक्त कार्य समूह तथा संयुक्त सञ्चालक समितिको दशौं बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरेको नेतृत्वको प्रतिनिधि मण्डललाई स्वीकृति दिने। |
| ५. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको बिधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ६. | रक्षा मन्त्रालय | मिति २०७९ फागुन १ गतेदेखि ५ गतेसम्म हुने माननीय रक्षामन्त्री श्री हरिप्रसाद उप्रेतीको नेतृत्वको भारत भ्रमण स्वीकृत गर्ने। |
| ७. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको आयोजनामा अष्ट्रियाको भियनामा २०७९ चैत ६ गतेदेखि ८ गतेसम्म हुने TC Asia and the Pacific NLO Workshop मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) श्री प्रमिला देवी शाक्य बज्राचार्यलाई भाग लिन स्वीकृति दिने। |
| ८. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सफा हिमाल अभियान २०२३ मा खटिने नेपाली सेनाका सदस्यहरु हिमाल आरोहण गर्दा लाग्ने सलामी दस्तुर छुट दिने। |
| ९. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७९ फागुन १ गतेदेखि ३ गतेसम्म थाइल्याण्डको बैङ्ककमा हुने Workshop to support development and peer review of Global Fund proposals for TB, HIV and Malaria in SEAR countries मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिव डा. संगिता कौशल मिश्रालाई सहभागी हुन स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १०. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७९ फागुन २९ गतेदेखि चैत २ गतेसम्म भारतको नयाँदिल्लीमा हुने First face to face meeting of SEAR Expert Group on Environmental Determinants of Health and Climate Change र Regional Meeting on Health Impacts of Pollution मा स्वास्थ्य सेवा विभागका महानिर्देशक (बाह्रौं तह) डा. दिपेन्द्र रमण सिंहलाई सहभागी हुन स्वीकृति दिने। |
| ११. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री कृष्णहरि पुस्करलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिव पदमा र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री अर्जुनप्रसाद पोखरेललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरुवा गर्ने। | |
| १२. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) श्री धनराज ज्ञवालीलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव पदमा र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव (कानून) श्री उदयराज सापकोटालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरुवा गर्ने। | |
| १३. | न्याय सेवा आयोगको सिफारिसबमोजिम महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाललाई राजपत्राङ्कित विशिष्ट श्रेणीको नायव महान्यायाधिवक्ता पदमा बढुवा गरी महान्यायाधिवक्ताको कार्यालयमा पदस्थापन गर्ने। | |
| १४. | बढुवा समितिको सिफारिसबमोजिम विभिन्न मन्त्रालय अन्तर्गतका विभिन्न सेवा/समूह/उपसमूहका राजपत्राङ्कित द्वितीय श्रेणीका २३ जना अधिकृतहरूलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरहको पदमा बढुवा गरी पदस्थापन गर्ने। | |